# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, असोज ५ गते २०४३ साल (अतिरिक्ताङ्क २४ (क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको

### सूचना १

माननीय अर्थ र उद्योग राज्यमन्त्री श्री भरतबहादुर प्रधान थाइल्याण्डको राजधानी बैंककमा इस्क्यापको आयोजनामा हुने उद्योग तथा प्रविधि मन्त्रीहरूको मन्त्री-स्तरीय बैठकमा भागलिन त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको अर्थ र उद्योग मन्त्रालयहरूको कार्यभार सम्माननीय वाणिज्य मन्त्री श्री विजयप्रकाश थेबेले सम्हाल्नु हुनेछ ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट न्यायिक समितिका सदस्य श्री मीनबहादुर थापाको पदावधि समाप्त भई खाली हुन आएकोले उक्त सदस्य पदमा न्यायिक समिति नियमावली, २०२८ बमोजिम सर्वोच्च अदालतका अतिरिक्त न्यायाधीश श्री जोगेन्द्रप्रसाद श्रीवास्तवलाई ४ (चार) वर्षको निमित्त नियुक्ति गरिबक्सी पूरै समय काम गर्ने गरी काजमा तोकिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,

रञ्जनराज खनाल

श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

२८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।